आ.व. २०७७/०७८ मा उत्कृष्ट कार्य गरेबापत नेपाल विद्युत प्राधिकरणको ३६ औं वार्षिकोत्सवको अवसरमा प्रोत्साही पुरस्कार प्राप्त गर्ने कर्मचारीहरु र निजहरुले पुऱ्याएको योगदान

| सि.नं. | तह / पद | कर्मचारी संकेत नं. | नाम थर | कार्यरत कार्यालय | महत्वपूर्ण कार्य |
|---|---|---|---|---|---|
| १ | तह ९ उप-निर्देशक (प्रशासन) | नफबभ ८०८५ | श्री सिताराम तखाछें | दुधकोशी जलाशययुक्त जलविद्युत आयोजना | दुधकोशी जलाशययुक्त जलविद्युत आयोजनाको जग्गा प्राप्तिको लागि प्रारम्भिक अधिकृतको रुपमा रही स्थानीय जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय र नापी कार्यालयमा तथा गाँउपालिकासंग समन्वय गरी ५८२६ कित्ताको करिब १३००० रोपनी जग्गा प्राप्तिको सूचना प्रकाशित गरेको साथै सोलुखुम्बु र ओखलढुङ्गा जिल्लाको २४६२ कित्ताको ७४०० रोपनी जग्गा प्राप्तिको सूचना प्रकाशन अन्तिम चरणमा पुर्याएको। |
| २ | तह ८ चार्टड एकाउन्टेन्ट | ब ३८०००५ | श्री नवराज वस्नेत | आयोजना लेखा महाशाखा | छोटो समयमा NFRS based Consolidated Financial Report तयार गर्ने/गराउने कार्य प्रतिवद्ध, अनुशासित भएर सम्पन्न गरेको।<br>Acturial Valuation विगत २ वर्षबाट निरन्तर गराउने कार्य गरेको साथै Audit Management Response लाई परिमार्जन सहित तयार गर्न उल्लेख्य भूमिका निर्वाह गरेको। |
| ३ | तह ७ सर्भे अधिकृत | छ १७०४८५ | श्री युबराज शर्मा | प्रसारण निर्देशनालय | लमजुङ्ग जिल्लाको मध्य मर्स्याङ्गदी - तल्लो मर्स्याङ्गदी लाइनको टावर नं. ९, Collapse भइ उक्त क्षेत्रमा विद्युत प्रवाह अवरुद्ध भएपछि निरन्तर वर्षा, हिलो र कोभिड-१९ को महामारीका बाबजुद दिनरात फिल्डमा खटिई ERS Tower को design र erection तथा conductor stringing को लागि आवश्यक सर्भे कार्य सफलतापूर्वक समयमा नै सम्पन्न गरी power supply restore गर्न उल्लेख्य भूमिका निर्वाह गरेको। |
| ४ | तह ७ ईन्जिनियर (सिभिल) | नचछ ८२७४ | श्री दिपेन्द्र कुमार गुसा | मर्स्याङ्गदी जलविद्युत केन्द्र | २०७८ साल असारको पहिलो हप्तामा मर्स्याङ्गदी नदीमा आएको भीषण (हालसम्मकै उच्च) बाढीले मर्स्याङ्गदी जलविद्युत केन्द्रको बाँधस्थलको Desander Basin तथा Reservior को किनारमा अत्याधिक क्षति पुर्याई विद्युत गृह नै बन्द गर्न परेपछि कोभिड १९ निषेधाज्ञा तथा अबिरल वर्षाको प्रतिकुल समयमा समेत अहोरात्र साइटमै खटिई कामदार र हेभी ईक्यूपमेन्टहरु परिचालन गरी उक्त क्षतिग्रस्त संरचनाहरुको ईमर्जेन्सी रुपमा मर्मत संभार गरी/गराई थप क्षतिहुन बाट जोगाएको र २४ सै घण्टा काम गराई विद्युत उत्पादन सुचारु गरेको। |
| ५ | तह ७ ईन्जिनियर (ईले.) | छ १७०१३६ | श्री प्रविण कुमार मिश्र | जनकपुर वितरण केन्द्र | जनकपुर स्थित मुजेलिया सवस्टेशनमा ८ एम.भि.ए. को पावर ट्रान्सफर्मर ओभन हिट हुँदा म्यानुअल्ली उक्त ट्रान्सफर्मरलाई चिस्याई बिहान ०३:४५ बजे भित्र बैकल्पिक फिडरबाट लाइन सूचारु गरी पावर ट्रान्सफर्मरलाई जल्नबाट जोगाएको तथा Forced Loadshedding हुनबाट बचाई प्रशंसनीय कार्य गरेको। |
| ६ | तह ७ ईन्जिनियर (ईले.) | छ १७०३९४ | श्री तैयब अंसारी | सिम्रौनगढ वितरण केन्द्र<br>हाल: योजना तथा प्राविधिक सेवा विभाग | आर्थिक वर्ष ०७७/७८ मा प्रादेशिक/डिभिजन कार्यालयहरुबाट छुट विलका लागि पेश भएका फाइल अध्ययन विश्लेषण गर्दा १,६३,२७,७५८।९० छुट युनिट र १३,६९२।२९ के.भि.ए. बराबर रु. २०,४६,७८,५१६।४३ छुट विलिङ्ग स्वीकृत गर्न उल्लेख्य भूमिका खेलेको, देशभरका वितरण केन्द्रहरुमा आवश्यकता अनुसार स्वयंम उपस्थित भई टि.ओ.डी. मिटरबाट डाटा डाउनलोड, विश्लेषण तथा नयाँ मिटर प्रोग्रामिङ्ग आदि गर्न महत्वपूर्ण भूमिका खेलेको। |

| सि.नं. | तह / पद | कर्मचारी संकेत नं. | नाम थर | कार्यरत कार्यालय | महत्वपूर्ण कार्य |
|---|---|---|---|---|---|
| ७ | तह ६ सहायक कम्प्युटर अधिकृत | नप ८१६८ | श्री संजिव श्रेष्ठ | आर्थिक विश्लेषण विभाग | नेपाल विद्युत प्राधिकरणका समग्र विद्युत उपभोक्ताको ग्राहक वर्गिकरण अनुसार विद्युत खपत र आयको अवस्था सम्बन्धी Consumption Pattern को एकीकृत विवरण संकलन एवम् अध्ययन गरी विद्युत नियमन आयोग समक्ष पेश गरेको<br>Retail Tariff Module सञ्चालन गर्न आवश्यक प्राधिकरणको उत्पादन प्रसारण र वितरणको व्यवसायगत विवरण तयार गरेको, Financial विवरण सम्बन्धी सम्पूर्ण तथ्यांक संकलन गरेको जसमा Cost, Revenue, Costumer, Loss, Energy Allocation, Demand Allocation, Customer allocation आदिजस्ता विषयका लागि आवश्यक विवरण तयार गरेको<br>उर्जा खपत सम्बन्धी Demand Stimulation Action Plan अध्ययन गर्न क्षेत्रगत उपभोक्ताको विस्तृत विवरण तयारी गरेको।<br>प्राधिकरणको Tariff Revenue एवं Non Tariff Revenue अध्ययन सम्बन्धी विवरण तयारी गरेको।<br>Financial Analysis सम्बन्धी अध्ययनका लागि प्राधिकरणको आर्थिक योजना एवं बित्तिय बिश्लेषणका साथै बिभिन्न निकायका आवश्यकता अनुसार Financial Analysis सम्बन्धि कार्यको विवरण तयारी गरेको |
| ८ | तह ६ सहायक ईन्जिनियर (मेका.) | धनच ७३७० | श्री टंकनाथ पौडेल | सुन्दरीजल जलविद्युत केन्द्र (प्रमुख) | वि.सं. १९९१ देखि सञ्चालित, मुलुककै दोस्रो पुरानो ऐतिहासिक ६४० किलोवाट क्षमताको सुन्दरीजल विद्युतकेन्द्रको क्षमताबृद्धि सहित सुदृढीकरण आयोजना सम्पन्न गर्न विभिन्न समस्याहरुलाई आफ्नै विवेक र क्षमता प्रयोग गरी, जडित दुबै नयाँ यूनिटहरुबाट विद्युत उत्पादन सुचारु गरी उद्घाटन गराउने काम गर्नुका साथै विद्युत केन्द्रको नियमित सञ्चालन संभारमा आफ्नो थप सृजनशिलता र अग्रसरता प्रयोग गर्दै उपलब्ध साधन स्रोतको समुचित परिचालन गरी आफ्नो कार्यकुशलता प्रयोग गर्दै आएको। |
| ९ | तह ५ सुपरभाईजर (इले.) | गधन ३२३१ | श्री एक वहादुर महर्जन | योजना तथा प्राविधिक सेवा विभाग, , हाल काजः ऊर्जा मन्त्रालय | उर्जा मन्त्रालयले सञ्चालन गरेको हटलाइनमा बसी देश भरबाट आएका विद्युत सम्बन्धी १५ हजार भन्दा बढी गुनासोलाई रेकर्ड राख्ने, फलोअप गर्ने र सो को समाधान गर्न उल्लेख्य भूमिका खेलेको। २४ सै घण्टा प्राप्त भएका गुनासोलाई कार्यालय समय अघि र पछि समेत आफ्नो मोबाइलमा कल डाइभर्ट गरी सम्बन्धित कार्यालयहरुमा पुर्याउने र फलोअप गर्ने गरेको। |
| १० | तह ४ सिनियर मिटर रिडर | घ ३४०४०९ (का.-२/७८) | श्री सन्तोष कुमार यादव | दोलखा वितरण केन्द्र | अत्यन्त अनुशासित एवं विषयवस्तुप्रति चासो राख्दै छुट्टाछुट्टै रहेका ४ स्थानको M-Power को रिपोर्ट एकिकृत गर्ने, सम्पूर्ण मिटर रिडिङ्ग कार्यलाई व्यवस्थित गर्ने, आय रिपोर्ट तयार गर्ने कार्य गरेको। |
| ११ | तह ४ फोरमेन (इले.) | थगध १३४६ | श्री दिव्य प्रसाद खतिवडा | विराटनगर वितरण केन्द्र | सब-स्टेशन एवं HT/LT लाइनमा समस्या आँउदा जुनसुकै समयमा पनि उपस्थित भइ कामको नेतृत्व लिई समस्या समाधान गरेको। |
| १२ | तह ४ फोरमेन (इले.) | खगध २२८९ | श्री जय प्रसाद पाण्डे | कालीकोट वितरण केन्द्र | कर्णाली प्रदेशका कालिकोट र जुम्ला जिल्लामा प्रथम पटक राष्ट्रिय प्रसारण लाईन मार्फत विद्युत संजाल जोड्ने शिलसिलामा दुल्लु देखि मान्मा तथा मान्मा देखि जुम्लासम्म ११ के.भि. लाइन चार्ज गर्ने क्रममा आएका अवरोधहरु समाधान गर्दै लाइन चार्ज गर्न उल्लेख्य भूमिका खेलेको। |

नेपाल विद्युत प्राधिकरण स्थापित २०४२ NEPAL ELECTRICITY AUTHORITY ESTD. 1985

| सि.नं. | तह / पद | कर्मचारी संकेत नं. | नाम थर | कार्यरत कार्यालय | महत्वपूर्ण कार्य |
|---|---|---|---|---|---|
| १३ | तह ३ ड्राईभर | ग १३०४२२ | श्री सुशिल ठकुरी | कार्यकारी निर्देशकको सचिवालय | जुनसुकै समयमा तथा कोभिड १९ को बिषम परिस्थितिमा समेत कार्यकारी निर्देशकज्यूको सवारी साधन इमान्दार र कर्तब्यनिष्ठ रहि कुशलतापूर्वक सञ्चालन गरेको। |
| १४ | तह ३ ड्राईभर | ग ३७५३ | श्री सरस्वती पराजुली | आर्थिक लेखा परिक्षण महाशाखा | उप-कार्यकारी निर्देशकज्यूको सवारी साधन जस्तोसुकै प्रतिकूल अवस्थामा पनि इमान्दार, आफ्नो कर्तब्यमा अडिग रहि कुशलतापूर्वक सञ्चालन गरेको। |
| १५ | तह २ हेल्पर (इले.) | कख ११०२२४ | श्री प्रकाश लुंगेली | पोखरा ग्रिड शाखा | काठमाडौं उपत्यकाको विद्युत आपूर्तिको मेरुदण्डको रुपमा रहेको मर्स्याङ्दी-काठमाडौं १३२ के.भी. प्रसारण लाइनको टावर नं. १८३ ढल्न लागेको अवस्थामा छिटो छरितो पुनः निर्माण गरी प्राधिकरणको हुन सक्ने करोडौंको नोक्सानी बाट बचाएको। |

(श्री ... डुमे)
प्रशासकीय अधिकृत